म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४९ आइतबार, १३ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 26 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७०१ कर्मचारी दरबन्दी कटौती गर्न सिफारिस

हेटौंडा, १२ बैशाख/बागमती प्रदेश सरकारको कार्यसम्पादनलाई चुस्त बनाउन गठित उच्चस्तरीय समितिले अनावश्यक कर्मचारी भार कटौती गर्न सिफारिस गरेको छ । समितिले ७०१ कर्मचारी दरबन्दी कटौती गर्दै प्रदेशको नयाँ दरबन्दी संरचना (तेरिज) प्रस्ताव गरेको हो । समितिले मन्त्रालयको संख्या घटाउनुका साथै साबिकका निकायमा रहेका कतिपय अनावश्यक पद खारेज गरी 'स्लिम बट इफेक्टिभ' प्रशासनको खाका तयार गरेको हो ।

पूर्वसचिव विमल वाग्ले संयोजक रहेको प्रदेश प्रशासनिक पुनर्संरचना अध्ययन तथा सुझाव समितिको प्रतिवेदनअनुसार प्रदेशमा कायम रहेको ५ हजार १३८ दरबन्दीमा ७०१ कटौती गरी ४ हजार ४३७ कायम गर्न सिफारिस गरेको हो । नयाँ दरबन्दी तेरिज लागू हुँदा प्रदेश सरकारले तल्लो तहका (श्रेणीविहीन र सहयोगी) कर्मचारी घटाएर माथिल्लो तहका प्राविधिक र विज्ञ कर्मचारीको अनुपात बढाउने सरकारलाई समितिले सिफारिस गरेको छ । यो कार्यबाट वार्षिक करिब ४९ करोड रुपैयाँ प्रशासनिक खर्च जोगिने र सेवाप्रवाहमा दोहोरोपन अन्त्य हुने समितिको निष्कर्ष छ ।

## पर्यटक नभएपछि 'वनकरिया होमस्टे' बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापस्थित लोपोन्मुख वनकरिया बस्तीको घरवास 'होमस्टे' बन्द भएको छ ।

लोपोन्मुख वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गरी, वनकवरिया समुदायको आर्थिक उत्थान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको होमस्टे पर्यटकको अभावमा बन्द भएको हो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई बास बसेको घरलाई स्तरवृद्धि गरी मनहरी गाउँपालिकाको ६ लाख रुपैयाँ सहयोगमा गत २०७७ सालमा निर्माण गरिएको दुईकोठे होमस्टेको बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शुभारम्भ गरेका थिए । पर्यटकको अभावसँगै उचित संरक्षण हुन नसक्दा वनकरिया होमस्टेको संरचना जीर्ण अवस्थामा पुगेको स्थानीय आरती वनकरियाले बताइन् ।



'गाउँपालिकाले लगानी गरेपछि हामीले बाँस र परालको छाप्रो हालेर लिपपोत गरी चिटिक्क परेको होमस्टे बनायौँ', आरतीले भनिन्, 'सुरुको केही वर्षसम्म काठमाडौँ, हेटौंडा, पोखरालगायत ठाउँबाट अध्ययन गर्न थुप्रै संख्यामा विद्यार्थी र अनुसन्धानकर्ता आउनुहुन्थ्यो, हाम्रै होमस्टेमा लोकल कुखुराको मासु खाने र रमाइलो गर्नुहुन्थ्यो । कहिलेकाहीँ त ठूला दलका नेताहरु पनि हाम्रो होमस्टेमा आउनुहुन्थ्यो, सुरुमा होमस्टे राम्रै चलिरहेथ्यो ।' पछिल्लो केही वर्षयता पर्यटक आउने क्रम घटेकाले होमस्टे बन्द गर्नुपरेको आरतीको भनाइ छ ।

विस्तारै पर्यटक आउन छाडेपछि लामो समयदेखि प्रयोगमा नआउँदा होमस्टेको संरचना कमजोर भएको स्थानीय विष्णुमाया वनकरियाले बताइन् । उनकाअनुसार बाँसले बारिएको संरचना चिराचिरा परेकोले होमस्टेमा बस्न सक्ने अवस्था छैन । वनकरिया समुदायको परिकारसहित अन्य रैथाने परिकार उपलब्ध गराउने र वनकरिया समुदायको आयआर्जनमा टेवा पुऱ्याउन व्यावसायिकरुपमा सञ्चालन गर्ने गरी निर्माण गरिएको होमस्टे यतिबेला जीर्ण अवस्थामा रहेको विष्णुमायाले बताइन् ।

'सरकारले हामीलाई जंगली जीवनबाट मुसेधापस्थित बस्तीमा स्थानान्तरण गएपछि हाम्रो विषयमा अध्ययन गर्न सुरुसुरुमा थुप्रै पर्यटक आउथे', वनकरियाबस्तीकी अगुवा सन्तोषीले भनिन् 'त्यतिबेला होमस्टे राम्रै चल्यो तर, पछिल्लो दुई वर्षदेखि पर्यटक आउनै छाडेकाले होमस्टे जीर्ण भएको, त्यसैले हामी होमस्टे बन्द गऱ्यौं ।' पर्यटकको चहलपहल नहुँदा होमस्टेको संरक्षण र मर्मतमा मात्र खर्च गर्नुपर्ने र उत्पादनहीन बन्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न होमस्टे सञ्चालन गरिए पनि पर्यटकको अभावमा होमस्टे सोचे अनुकूल चल्न नसक्दा बन्द गर्नुपर्ने बाध्यता भएको सन्तोषीले बताइन् ।

'पहिलो कुरा त होमस्टे चलाउन पर्यटक चाहिन्छ, पर्यटक नै नआएपछि पैसा भएन र होमस्टेलाई व्यवस्थित रुपमा चलाउन सकिएन', सन्तोषीले भनिन्, 'दोस्रो कुरा गाउँपालिकाले होमस्टेमा लगानी त गऱ्यो तर, पर्यटन प्रवर्द्धन गर्ने ठोस कार्यक्रम ल्याएन, जसकाकारण विस्तारै पर्यटक आउनै छाड्यो ।' वनकरिया बस्तीसम्म पर्यटकलाई ल्याउन सकिने गरी कार्यक्रम बनाउन सकिए अझै पनि होमस्टे राम्रोसँग सञ्चालन हुनसक्ने उनको भनाई छ । नेपालकै लोपोन्मुख वनकरिया समुदायको बस्ती हेर्न र घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भएपनि राति बास बस्नसक्ने अवस्था नहुँदा होमस्टे धारासायी भएको स्थानीयको भनाइ छ ।

होमस्टे सञ्चालनसँगै त्यसको दिगोपन र व्यवस्थापनमा ध्यान दिन नसक्दा वनकरिया होमस्टे संकटमा परेको मनहरी गाउँपालिका-४ का वडाध्यक्ष प्रकाश थापाले बताए । 'होमस्टे त बनायो तर, त्यसलाई दिगो र व्यवस्थितरुपमा कसरी सञ्चालन गर्ने भन्ने विषयमा सोचिएन', वडाअध्यक्ष थापाले भने, 'जसको फलस्वरुप वनकरिया बस्तीको पहिचान झल्किने गरी बनाइएको होमस्टे बन्द हुनपुग्यो ।' वनकरिया बस्तीको होमस्टे बन्द भएपनि छिट्टै वनकरियाको होमस्टे सञ्चालनका लागि पहल भइरहेको वडाध्यक्ष थापाले बताए ।

कुनैबेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातको रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जंगली जीवनबाट मानवबस्तीमा सारिएको हो । बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको बसोबास छन् । जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर जमिन उपलब्ध गराएको थियो । त्यहीं ठाउँमा वनकरिया करिब २० वर्षदेखि बन्दै आएका छन् । २०७८ सालको जनगणना अनुसार वनकरिया जातिको कूल जनसंख्या १८० र मतृभाषा बोल्ने जनसंख्या ८६ देखामइएको छ । तर, वनकरिया समुदायमा २०८३ बैशाख पहिलो सातासम्मको तथ्यांक अनुसार ९१ जना मात्र जनसंख्या रहेको वडा कार्यालयले जनाएको छ ।

वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषीले बताइन् । बस्तीमा हाल ४५ जना महिला र ४६ जना पुरुष गरी ९१ जना वनकरिया रहेको सन्तोषीको भनाइ छ । उनकाअनुसार बस्तीका ९१ जनामध्ये ५० जनाको नागरिकता बनिसकेको र २६ जनाको मतदाता नामावलीमा नाम छ । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैँसी पालेका छन् भने कोही ज्यालामजदुरीको काम गर्ने गर्छन् ।

## एआई र खोजमूलक पत्रकारिता अपरिहार्य:अध्यक्ष सारुमगर



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले परम्परागत पत्रकारिताको भरमामात्र अबको प्रतिस्पर्धी मिडिया जगतमा टिकिरहन नसकिने बताएका छन् ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता अत्याधुनिक प्रविधिलाई आत्मसात गर्दै खोजमूलक पत्रकारितामा केन्द्रित हुनु आजको अनिवार्य आवश्यकता भएको उनको भनाइ छ ।

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आयोजना तथा पत्रकार महासंघ बागमती प्रदेशको समन्वयमा धुलिखेलमा सम्पन्न दुईदिने 'खोजमूलक पत्रकारिता तथा एआईको प्रयोग' सम्बन्धी अभिमुखीकरणको शनिबार समापनमा बोल्दै अध्यक्ष मगरले यो धारणा राखेका हुन् । 'खोजमूलक पत्रकारितामार्फत् एआई जस्ता प्रविधिलाई आत्मसात गर्दै पत्रकारितामा केन्द्रित हुनु आजको आवश्यकता हो,' उनले भने, 'पत्रकार महिलालाई प्रविधिमैत्री बनाउन र सामाजिक विकासका मुद्दा गहिराइबाट उठाउन यस कार्यक्रमले विशेष मद्दत पुग्नेछ ।'

अध्यक्ष मगरले निजी र सामुदायिक सञ्चारमाध्यमले आमसञ्चारको ठूलो हिस्सा ओगटेको उल्लेख गर्दै, सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने परिपत्र सच्याएर सबै सञ्चार माध्यमले पाउने वातावरण बनाउन माग गरे ।

पत्रकार महासंघ बागमती प्रदेशको ध्यानाकर्षणपत्र बुझ्दै सञ्चारमन्त्रीले यसबारे गृहकार्य भइरहेको र साना तथा स्वरोजगार मुखी मिडियाको पक्षमा सरकार रहेको जानकारी दिएको उनले बताए । उनले विज्ञापन वितरणमा देखिएको विकृति अन्त्यका लागि बिचौलियामुक्त र निष्पक्ष प्रणाली अपनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रमका सभाध्यक्ष एवं सामाजिक विकास मन्त्रालयका सचिव खुविराम अधिकारीले तालिममा आर्जित सीपलाई व्यवहारमा उतार्न सहभागीलाई आग्रह गर्दै, आगामी दिनमा यस्ता कार्यक्रम अझ परिष्कृत र प्रभावकारी बनाउने प्रतिबद्धता जनाए ।

नेपाल पत्रकार महासंघ काभ्रेका अध्यक्ष विनोद न्यौपानेले सामाजिक सञ्जालको बढ्दो प्रभाव र महिला पत्रकारको पलायन रोक्न यस्ता सशक्तीकरण कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे । दुईदिने प्रशिक्षणमा सरिता दाहालले महिला पत्रकारको सुरक्षा र लैंगिक समानता, नितु पण्डितले पत्रकार आचारसंहिता र फेक न्युज, तथा अजय शर्माले एआई प्रयोग गरी समाचार सामग्री निर्माणबारे प्रशिक्षण दिए । कार्यक्रममा बागमती प्रदेशका १३ जिल्लाका २१ जना क्रियाशील महिला पत्रकारको सहभागिता रहेको थियो ।

## मनहरी-७ मा तामाङ भाषा सिकाइ



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/मनहरी गाउँपालिका वडा नं. ७ मा शनिबारदेखि ३ दिने तामाङ भाषा सिकाइ कार्यक्रम सुरु भएको छ । मनहरी-७ वडा कार्यालयको आर्थिक सहयोगमा र नमस्ते मनहरी मिडिया प्रालिको आयोजनामा शनिबारदेखि सञ्चालन भएको सिकाइ कार्यक्रम सोमबार सम्पन्न हुने जनाइएको छ ।

कार्यक्रमको मनहरी-७ का कार्यबाहक अध्यक्ष नवराज सुवेदीले उद्घाटन गरे । सुवेदीले तामाङ जातिको संस्कार संस्कृति उत्थानका लागि आगामी बजेटमा वडा नं. ७ ले विशेष प्राथमिकता दिने बताए । कार्यक्रममा नेपाल तामाङ घेदुङका केन्द्रीय सदस्य मेम्बर लोले सम्भोटा लिपि र तामयिग लिपिबारे रहेको भ्रम स्पष्ट पारे । नेपाल तामाङ घेदुङ तामाङ समुदायको आधिकारिक संस्था भएकाले घेदुङले अवलम्बन गरेको लिपि नै आमतामाङ समुदायको आधिकारिक लिपि भएको उनले बताए ।

कार्यक्रममा नेपाल तामाङ घेदुङ मनहरीका इन्चार्ज इन्द्रकुमार ब्लोन, साद्रा छ्योइफेल गुम्बा मनहरी-७ का अध्यक्ष गौतम लामा, राष्ट्रिय रोटरी मावि ब्यवस्थापन समितिका अध्यक्ष सालिकराम बानियाँ, राष्ट्रिय मावि रमनटारका अध्यक्ष लेखमान ब्लोन, मनकामना सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सुरेश मुक्तानलगायतको उपस्थिति रहेको थियो । सहभागीलाई बागमती प्रदेश सरकारका तामाङ भाषा अनुवादक ज्ञानेन्द्र तामाङले प्रशिक्षण दिएका छन् । नमस्ते मनहरी मिडिया प्रालिका अध्यक्ष जयराम मुक्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण राजकुमार स्याङबोले गरेका थिए ।

## ९२ जनाको मोतियाबिन्दुको सफल शल्यक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/मकवानपुरको थाहा नगरपालिकामा तिलगंगा सामुदायिक आँखा उपचार केन्द्र पालुङको आयोजनामा बृहत् आँखा शिविरबाट ग्रामीण तथा दुर्गमक्षेत्रका बिरामीलाई सहज भएको छ ।

भिजन हिमालयन फाउन्डेसन, थाहा नगरपालिका तथा कैलाश गाउँपालिकाको सहकार्यमा सञ्चालन गरिएको शिविरमार्फत् ९२ जनाको मोतियाबिन्दुको सफल शल्यक्रिया गरिएको छ । केन्द्रका नेत्रसहायक बिबेक राजथलाका अनुसार शल्यक्रिया गरिएका बिरामीमध्ये ४६ जनाको फेको प्रविधिबाट र ४२ जनाको एसआईसीएस विधिबाट मोतियाबिन्दुको शल्यक्रिया गरिएको हो । त्यस्तै, ४ जनाको आँखामा मासु पलाउने समस्या सम्बन्धी सल्यक्रिया गरिएको छ । शिविर अवधिभर ६८५ जनाको आँखा परीक्षण गरिएको थियो, जसबाट छनोट गरिएका बिरामीलाई सल्यक्रियाका लागि केन्द्रमा ल्याइएको थियो ।

शिविर बैशाख ७ गतेदेखि १० गतेसम्म थाहा नगरका विभिन्न वडा तथा कैलाश गाउँपालिकाको गोगने क्षेत्रमा सम्पन्न गरिएको हो । शिविरमा हेटौंडास्थित आँखा अस्पतालबाट आएका आँखासौन्दर्य विशेषज्ञ मोहिनी श्रेष्ठसहितको चिकित्सक टोलीले उपचार सेवा प्रदान गरेको थियो ।

शल्यक्रियापश्चात् आयोजित पट्टिखोल्ने कार्यक्रममा थाहा नगर प्रमुख विष्णु बिष्टले जनप्रतिनिधिले पाउने भत्ताको सदुपयोग गर्दै स्थापना गरिएको तिलगंगा सामुदायिक आँखा केन्द्रले अहिले छिमेकी पालिकाको नागरिकलाई समेत सेवा दिइरहेको उल्लेख गरे । उनले केन्द्रको स्तरोन्नतिका लागि नगरपालिका निरन्तर सहयोग गर्न प्रतिबद्ध रहेको पनि बताए ।

कार्यक्रममा थाहा नगर उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत निरज पौडेलगायतको उपस्थिति रहेको थियो । शिविरले विशेषगरी कैलाश गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका र थाहा नगरका दृष्टि समस्या भएका नागरिकलाई राहत पुऱ्याउँदै स्थानीय तहमै गुणस्तरीय आँखाउपचार सेवा उपलब्ध गराउने प्रयासलाई थप मजबुत बनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# क्षमता अभिवृद्धि:गुणस्तरीय शिक्षा

शिक्षा कुनैपनि समाजको मेरुदण्ड हो । शिक्षाप्रणाली सुदृढ नभएसम्म सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको अपेक्षा गर्नु कठिन हुन्छ । शिक्षाप्रणालीको केन्द्रमा शिक्षक रहन्छन् । शिक्षक सक्षम, प्रेरित र अद्यावधिक भएमात्र कक्षाकोठामा सार्थक सिकाइ सम्भव हुन्छ । यही यथार्थलाई आत्मसात गर्दै मकवानपुरको मनहरी गाउँपालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुईदिने विषयगत कार्यशालाको आयोजना गर्नु अत्यन्त सकारात्मक र प्रशंसनीय कदम हो । वैशाख १० र ११ गते सम्पन्न कार्यशालामा ३२ वटा सामुदायिक विद्यालयका करिब तीन सय शिक्षक-शिक्षिकाको सहभागिता रहनु आफैंमा ठूलो उपलब्धि हो । सीमित स्रोत र विविध चुनौतीकाबीच यतिठूलो संख्यामा शिक्षकलाई एकैथलोमा ल्याई सिकाइका साझा अनुभव साटासाट गरिनु स्थानीय तहको शिक्षाप्रति देखिएको प्रतिबद्धताको उदाहरण हो । यसले शिक्षकलाई मात्र होइन, समग्र शिक्षाप्रणालीलाई ऊर्जा दिनेकाम गरेको छ । बदलिँदो समयसँगै शिक्षण सिकाइका विधि र प्रविधिमा तीव्र परिवर्तन आएको छ । डिजिटल प्रविधि, बालमैत्रीशिक्षण, विद्यार्थी केन्द्रित सिकाइ, निरन्तर मूल्यांकन प्रणालीजस्ता अवधारणाले शिक्षकको भूमिकालाई परम्परागत ज्ञानदातामात्र होइन, सहजकर्ता र मार्गदर्शकको रुपमा पुनर्परिभाषित गरेका छन् । यस्तो परिवेशमा शिक्षकलाई समसामयिक विषयमा अद्यावधिक गराउनु अपरिहार्य हुन्छ ।

मनहरी गाउँपालिकाले सञ्चालन गरेको कार्यशालाले यही आवश्यकतालाई सम्बोधन गरेको देखिन्छ । कार्यशालामा सामाजिक, स्वास्थ्य, विज्ञान, गणित, अंग्रेजी, नेपाली, बालविकास तथा शिक्षा जस्ता विषयमा छुट्टाछुट्टै सत्र सञ्चालन गरिनु विषयगत गहिराइका दृष्टिले महत्वपूर्ण छ । सबै विषयलाई एउटै ढाँचामा सीमित नगरी, विषयअनुसारका समस्या, सम्भावना र समाधानमा केन्द्रित छलफलहुनु शिक्षणसुधारको सही बाटो हो । विषयगत सामग्री निर्माण, मूल्यांकन प्रक्रिया, विशिष्टीकरण तालिका, शिक्षण सुधारयोजना निर्माणजस्ता व्यवहारिक पक्षमा गरिएको अन्तरक्रियाले शिक्षकलाई कक्षाकोठामा प्रत्यक्ष प्रयोग गर्न मिल्ने सीपप्रदान गरेको छ । विषयगत समिति गठन र सिकाई चौतारीसम्बन्धी छलफलले विद्यालयभित्र सहकार्य र निरन्तर सिकाइको संस्कार विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । एकपटकको तालिममात्र पर्याप्त हुँदैन । तालिमपछि पनि शिक्षकबीच नियमित संवाद, अनुभव आदानप्रदान र सहकार्य आवश्यक हुन्छ । सिकाई चौतारीजस्ता अवधारणाले शिक्षकलाई एक्लोपनबाट बाहिरल्याई सामूहिक सुधारतर्फ उन्मुख गराउँछ । विभिन्न तहका अनुभवी प्रशिक्षकको सहभागिताले कार्यशालालाई अझ प्रभावकारी बनाएको देखिन्छ । विविध पृष्ठभूमि र अनुभव भएका प्रशिक्षकबाट प्राप्त ज्ञान र दृष्टिकोणले शिक्षकलाई आफ्नै अभ्यासमाथि पुनर्विचार गर्न प्रेरित गरेको हुनुपर्छ । यस्ता कार्यक्रमले शिक्षकमा आत्मविश्वास बढाउनुका साथै पेशागत सम्मानको अनुभूति गराउँछ । कार्यशालाको समन्वय र व्यवस्थापन सम्बन्धित विद्यालयमार्फत गरिनु स्थानीय स्वामित्व र उत्तरदायित्वको राम्रो अभ्यास हो । स्थानीय तह, विद्यालय र शिक्षकबीचको सहकार्य सुदृढ भएमात्र कार्यक्रमको प्रभाव दीर्घकालीन हुन्छ ।

अब चुनौती भनेको यस कार्यशालाबाट प्राप्त ज्ञानसीप कक्षाकोठामा कति प्रभावकारीरुपमा कार्यान्वयन हुन्छ ? भन्ने हो । तालिमपछि अनुगमन, पुनर्ताजगी तालिम र परिणामको मूल्यांकन आवश्यक छ । मनहरी गाउँपालिकाले आयोजना गरेको यो विषयगत कार्यशाला सामुदायिक विद्यालयको गुणस्तर सुधारतर्फको कदम हो । यसले शिक्षासुधार ठूला नीतिगत घोषणाबाटमात्र होइन, शिक्षकको क्षमता र मनोबल बढाउने यस्ता व्यवहारिक पहलबाट सम्भव हुन्छ भन्ने सन्देश दिएको छ । यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै सिकाइका नतिजामा आधारित सुधारमा जोडदिन सकिए मनहरीका सामुदायिक विद्यालय गुणस्तरीय शिक्षाको नमूना बन्न सक्छन् । शिक्षाक्षेत्रमा गरिएको लगानी दीर्घकालीन हुन्छ । आज शिक्षकमा गरिएको लगानी भोलि सक्षम, चेतनशील र जिम्मेवार नागरिकको रुपमा समाजले प्रतिफल पाउने हो । तर, जनप्रतिनिधिले भौतिक विकासलाई मात्र देख्ने गरेका छन् र उनीहरुको रुची पनि भौतिक संरचनामा मात्र गएको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १४ गते सोमबार २७ अप्रिल २०२६ । एकादशी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३० सूर्यास्त ६:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# नेपालको शासन, विदेशी सर्भर



✍डा. सिमोन दुङ्गाना

सम्पत्ति विवरणको विवादमा सुदन गुरुङले गृहमन्त्रीबाट राजीनामा दिए । यो लेखको विषय त्यो होइन । तर उनको छोटो कार्यकालले नयाँ प्रशासनको एउटा प्रवृत्ति उदाङ्गो भयो, जसबारे खासै कुरा भएको छैन । गृहमन्त्री गुरुङले प्रहरीका उच्च अधिकारीहरूलाई कार्की आयोगको प्रतिवेदनका सुझावमा तत्काल कारबाही गर्न भन्दा अधिकारीहरूले 'अध्ययन गर्न समय चाहिन्छ' भनेछन् । जवाफमा मन्त्रीले भने, 'पीडीएफ अपलोड गर, एआईबाट एक मिनेटमै के गर्ने निकाल ।'

हरेक विवरण सत्य हो कि होइन छाडौं, तर त्यो एक मिनेटले नयाँ प्रशासनको एउटा यथार्थ देखाउँछ । बालेन शाहको सरकार जनादेशका साथ आएको हो । यी मन्त्री र सल्लाहकारले राम्रो गर्न खोजिरहेका छन् । समस्या नियतमा छैन- धेरैसँग ठूलो टिम व्यवस्थापनको पाँच वर्षको पनि अनुभव छैन, पूर्ण सचिवालय छैन, विषय-विज्ञ सल्लाहकार छैनन्, तर जनताले नतिजा देख्न आतुर छ । यस्तो दबाबमा च्याटजीपीटी र जेमिनाई जस्ता एआई उपकरण स्वर्ग जस्तै देखिन्छन् । अनुभव छैन भने एआईले भरिदिन्छ । सचिवालय छैन भने एआईले विकल्प बनिदिन्छ । समय छैन भने एआईले एक मिनेटमा जवाफ दिन्छ । तर त्यो एक मिनेटको सुविधाले नेपाली राज्यले वर्षौंसम्म तिर्नुपर्ने मूल्य किनिदिन्छ । अनि कसैले हिसाब राखिरहेको छैन ।

भन्नको लागि जान्नेलाई छान्ने भने पनि यथार्थमा विश्वासलाग्दो जान्ने पाउन गाह्रो छ, र जान्नेको अलिकति एटिच्युड भइहाल्छ । सचिव अनुभवी छन्, तर समय सीमित छ र सिफारिस पुरानै ढाँचाको हुन्छ । सय दिनमा गर्ने कति काम पछि परिसक्यो । यस्तो अवस्थामा कतिले ल्यापटप खोल्नुहुन्छ, च्याटजीपीटी खोल्नुहुन्छ, फाइल तानेर खसाल्नुहुन्छ, र 'यसका मुख्य सुझाव के हुन् ?' भन्नुहुन्छ । एक मिनेटमा राम्रो देखिने सुझाव आउँछ । ठीक लाग्छ, निर्णय लिनुहुन्छ । पत्रकारलाई भन्नुहुन्छ, 'हामीले तत्काल कदम चाल्यौं ।' जनताले ताली बजाउँछ ।

यो एक पटक हुँदैन । दिनमा पन्ध्र-बीस पटक हुन्छ । अनि यो मन्त्रीको मात्र कथा होइन । सचिव, सहसचिव, उप-सचिव, सुरक्षा अधिकारी, सल्लाहकार, सबैको कथा हो । ढिलो निर्णय दिनेले पुरानो झोलेको संज्ञा पाउँछ । एक मिनेटमा निर्णय दिनेले प्रशंसा पाउँछ । प्रोत्साहन स्पष्ट छ । अमेरिकाको डोज (डिपार्टमेन्ट अफ गभर्नमेन्ट एफिसिएसी) को अनुभव यहाँ काम लाग्छ । त्यहाँ पनि यस्तै गति थियो, यस्तै एक मिनेट निर्णयको संस्कार थियो त्यसले अहिले अमेरिकालाई दीर्घकालीन असर पारेको छ । अनुभवहीन व्यक्तिहरूले शक्तिशाली उपकरण चलाउँदा, मानवीय विवेकले हस्तक्षेप गर्न भ्याउनुअघि नै दशौं हजार कर्मचारी बर्खास्त भए, महत्त्वपूर्ण कार्यक्रमको बजेट कटौती भयो । गति थियो, विवेक थिएन । त्यो एक मिनेटे संस्कारले वर्षौंको क्षति गऱ्यो । नेपाल त्यही मोडमा नछिर्ने आधार के छ ?

च्याटजीपीटी, जेमिनाई, क्लड जस्ता उपकरण कुनै डाटाबेस होइनन्, सर्च इन्जिन होइनन्, र मानवीय अर्थमा 'सोच्ने' यन्त्र पनि होइनन् । यिनीहरू डिकोडर ट्रान्सफर्मर मोडल हुन् । यिनले गर्ने एक मात्र काम हो, दिइएको सन्दर्भमा अर्को टोकन के आउने सम्भावना सबैभन्दा बढी छ, त्यो अनुमान लगाउने । म:म बनाउने प्रक्रिया सम्झनुहोस् । पहिले पीठो मुछ्नुहुन्छ, त्यसपछि सानो डल्लो बनाउनुहुन्छ, बेलनाले पातो बनाउनुहुन्छ, बीचमा मासु हाल्नुहुन्छ, पखेटा खोस्रिएर बन्द गर्नुहुन्छ, अनि स्टिमरमा राख्नुहुन्छ । हरेक चरणमा अघिल्लो चरणले अर्कोलाई निर्धारण गर्छ । पीठो राम्रो मुछिएन भने पातो च्यातिन्छ । पातो बाक्लो भयो भने स्टिमरमा पाक्दैन । मासु धेरै भयो भने बन्द गर्न मिल्दैन ।

ट्रान्सफर्मर मोडलले पनि यस्तै गर्छ, तर एक महत्त्वपूर्ण फरकका साथ । अपलोड गरेको पीडीएफलाई पहिले हजारौं साना टुक्रामा काट्छ । त्यसपछि हरेक टुक्रालाई गणितीय 'स्वाद'- इम्बेडिंग दिन्छ, कुन टुक्रा कुन टुक्रासँग कसरी सम्बन्धित छ भन्ने थाहा होस् भनेर । अनि दर्जनौं तहमा हरेक टुक्राले अन्य सबै टुक्रासँग आफ्नो सम्बन्ध नापनतौल गर्छ, जसलाई अटेन्सन मेकानिजम भनिन्छ । अन्त्यमा, अर्को शब्द के हुनुपर्छ भन्ने सम्भाव्यताको चिट्ठा चल्छ, र एउटा शब्द निस्कन्छ । त्यसपछि अर्को । अनि अर्को ।

फरक यहाँ छ । म:म बनाउँदा तपाईंले स्वाद लिन सक्नुहुन्छ । नुन कम भयो भने थाहा हुन्छ । मासु नपाकेको भयो भने थाहा हुन्छ । ट्रान्सफर्मरमा त्यस्तो स्वाद चिन्ने इन्द्रिय नै छैन । जे शब्द निस्कियो, त्यही 'सुझाव' बन्छ । त्यो शब्दहरूको शृंखला व्याकरणले ठीक देखिन्छ, पढ्दा अर्थ लाग्ने देखिन्छ, तर त्यहाँ कुनै तर्क, कुनै सत्यको कसी, कुनै निर्णय प्रक्रिया छैन । उही प्रम्प्ट दोस्रो पटक हाल्दा फरक जवाफ आउन सक्छ जसलाई स्टोकस्टिक आउटपुट भनिन्छ, अथवा सम्भाव्यताको जुवा ।

झन् महत्त्वपूर्ण कुरा, त्यो म:म बनाउने भान्सा तपाईंको घरमा छैन । भर्जिनियामा छ, वा डब्लिनमा, अथवा सिङ्गापुरमा । तपाईंले पीठो र मासु हालिदिनुभयो, तर त्यो पीठो र मासु कहाँ गयो, कसले हेऱ्यो, कसले सङ्ग्रह गऱ्यो, थाहा छ ? अपलोड गरेको डेटा सेवा प्रदायकको सिस्टममा जान्छ, पछि मोडेल तालिम दिन प्रयोग हुन सक्छ र अनिश्चित कालसम्म भण्डारण हुन्छ । एक मिनेटमा सुझाव । तर त्यो एक मिनेटमा बाहिर गएको डेटा, वर्षौं बाहिरै । जस्तै म:म बनाउन पीठो र मासु चाहिन्छ, ट्रान्सफर्मर चलाउन तपाईंको डेटा चाहिन्छ, र त्यो डेटा एकपटक भान्सा बाहिर गइसकेपछि फिर्ता ल्याउन मिल्दैन ।

हरेक अपलोड गरेको मन्त्रिपरिषद् टिप्पणी, वार्ताको मस्यौदा, सुरक्षा ब्रिफिङ, आयोगको प्रतिवेदन, कम्तीमा पनि कुनै विदेशी कम्पनीको सर्भरमा मेटडेटा, ट्रेनिङ डेट बनेर बस्छ । अर्को वर्ष कुनै विश्लेषकले क्लडलाई 'नेपालको सुरक्षा नीति' बारे सोध्दा त्यसको जवाफमा अहिले पेस्ट भएको फाइलको कुनै गन्ध हुन सक्छ । यसले के अर्थ राख्छ । विदेशी एआई कम्पनीसँग अहिले नेपाली नीति चिन्तनको त्यस्तो दृश्यता छ, जुन भारतीय वा चिनियाँ दूतावाससँग पनि छैन । अनि त्यो दृश्यता तिनले एक पैसा नतिरी पाएका हुन्, एक एक मिनेटको उपहार का रूपमा, सिंहदरबारका कोठाहरूबाट । कूटनीतिक वार्तामा, हाम्रो पक्षले पेश गर्ने कुरा प्रतिपक्षले पहिल्यै अनुमान लगाउन सक्छ ।

आर्थिक पाटो झनै गम्भीर छ । यो एक मिनेटे निर्भरताले नेपालको आफ्नै एआई क्षमता जन्मनुअघि नै निसास्याउँछ । मन्त्रालयले स्थानीय सभ्रेन सिस्टममा लगानी किन गर्ने, जब विदेशी उपकरण नि:शुल्क छ ? नेपाल आफ्नै सार्वभौमिकताको मूल्य तिरेर विदेशी एआई पूर्वाधारलाई अनुदान दिइरहेको छ, र यो अनुदान कहीं बजेटमा देखिँदैन । सरकारका कति मन्त्री र उनका सल्लहकारहरू पूर्व अनुभव विना सिंहदरबार पुगेका छन् । कर्मचारीहरुलाई संदिग्ध दृष्टिले हेरिन्छन् । त्यो शून्यतामा एआई छिरेको छ । मन्त्रीहरूले कर्मचारीबाट सुझाव सङ्कलन गर्छन्, फाइल प्राप्त गर्छन्, अनि व्यक्तिगत ल्यापटप र मोबाइलमा ती फाइल च्याटजीपीटी चलाएर मिनेटहरूमा 'निर्णय' उत्पादन गर्छन् । संविधानमा संशोधनका लागि विचाराधीन धेरै प्रावधान पनि यसरी गर्न नै सजिलो हुन्छ ।

राष्ट्रिय योजना आयोगले विगतका आवधिक योजनाको अध्ययन र नयाँ योजना निर्माणमा एआईको प्रयोग गर्दा सजिलो हुन्छ । सिद्धान्तत: यो राम्रो कुरा हो । तर यदि त्यो अध्ययन सार्वजनिक एआईमा अपलोड भइरहेछ भने, हामी नेपालको ७० वर्षको विकास बौद्धिक सम्पत्ति नि:शुल्क विदेशी कम्पनीलाई सुम्पिरहेका छौं । अनि त्यसका आधारमा बन्ने सोह्रौं योजना, त्यो पनि विदेशी आर्किटेक्चरमा लेखिनेछ । यो षड्यन्त्र होइन । यो नियत खराब भएर भएको होइन । यो भएको हो किनभने सरकारसँग छिटो, स्मार्ट, भरपर्दो विकल्प अहिले छैन ।

पहिलेको सरकारले २०८२ मा जारी गरेको राष्ट्रिय एआई नीतिमा एआई नियमन परिषद्, राष्ट्रिय एआई केन्द्र, एआई एक्सिलेन्स सेन्टर, रेगुलेटोरी स्यांड बक्स, डेटा वर्गीकरण सबै प्रस्तावित छन् । डेटा सुरक्षा कानून, डेटा वर्गीकरण, डीपफेक नियन्त्रण, सही प्रश्न हुन् । तर यो नीतिले एक मिनेटे मन्त्रीको परिदृश्य कल्पना गरेको छैन । नीतिको मूल दृष्टिकोण आर्थिक सामाजिक विकास हो, एआई कसरी कृषि, शिक्षा, स्वास्थ्यमा प्रयोग गर्ने । सरकारी अधिकारीले विदेशी एआईमा संवेदनशील फाइल अपलोड गर्दा के हुन्छ, यो प्रश्न केन्द्रमा छैन । दफा ९.१० को स्यांड बक्स उद्योगका लागि हो, निजी कम्पनीले एआई परीक्षण गर्ने ठाउँ । सरकारी प्रयोगका लागि सभ्रेन, नेपाली अधिकार क्षेत्रभित्रको एआई वातावरण, यो भिन्न कुरा हो र यसको परिकल्पना नीतिमा छैन । अनि सबैभन्दा तीखो कुरा, नीति कागजमा छ, भुइँमा छैन । एआई नियमन परिषद्, राष्ट्रिय एआई केन्द्र, डेटा सुरक्षा कानूनको काम बाँकी नै छ । यसैबीच, हरेक दिन, नयाँ एक मिनेटहरू भइरहेका छन् । समाधान एआई प्रयोग नगर भन्ने होइन । त्यो न व्यावहारिक छ, न वाञ्छनीय । सही तरिकाले चलाइयो भने एआईले सरकारलाई छिटो, स्मार्ट र नागरिकप्रति उत्तरदायी बनाउन सक्छ । समस्या एआई होइन । गलत एआई, गलत तरिकाले, गलत डेटासँग प्रयोग भएको हो ।

नेपाल यहाँ एउटा दुर्लभ अवसर छ । हामीसँग पुरानो डिजिटल इन्फ्रास्ट्रक्चरको बोझ छैन । अन्य देशले आफ्नो बाटो सुधार्नुपर्नेछ, हामीले सुरुदेखि नै सही बाटो रोज्न सक्छौं । यो फड्को मार्ने बेला हो । मोबाइल बैंकिङमा अफ्रिकाले ब्राञ्चको युग छल्यो, हामीले पनि 'विदेशी एआईमा सबै पेस्ट गर्ने' युग छल्न सक्छौं । सही नेतृत्व मिले, नेपाल एआई रेसको अग्रपङ्क्तिमा पुग्न सक्छ । यसका लागि केही ठोस कदम । पहिलो कदम तत्काल हो । अर्को दुई महिनाभरिका लागि सरकारी काममा सार्वजनिक एआई प्रयोगमा अस्थायी रोक । त्यो रोकका बेला मन्त्रिपरिषद्, संवैधानिक निकाय, राष्ट्रिय योजना आयोग, सुरक्षा निकाय र अन्य मन्त्रालयले आफ्नो डेटा सुरक्षाको अवस्था लेखाजोखा गरून् । संविधान संशोधन जस्ता काम तत्काल सभ्रेन वातावरणमा सारिउन् । एक दुई महिना लामो समय होइन, तर जग हाल्न पर्याप्त हो ।

दोस्रो, स्यांड्बक्स । सरकारी प्रयोगका लागि छुट्टै प्रणाली, ल्लामा, क्वेन, मिस्ट्रल जस्ता ओपन वेट मोडेललाई नेपाली शासन डेटामा के गरेर, नेपाली सर्भरमा डिप्ल्यो गरिएको । मन्त्रीले एक मिनेटमा सुझाव पाउन त पाउन्, तर त्यो फाइल भर्जिनिया नपुगोस्, ललितपुरमै रहोस् । प्रविधि तयार छ, चाहिने भनेको इच्छाशक्ति हो ।

तेस्रो, मौलिक नेपाली फाउन्डेसन मोडल । नेपाली भाषा, कानून, इतिहास, प्रशासनिक अभ्यासमा तालिमप्राप्त आफ्नै यो चाहिन्छ । सानो सुरुआत गर्न सकिन्छ । सरकारी कागजात, नेपाली साहित्य, कानूनी दस्तावेजमा फाइन ट्युन भएको ७ अर्ब वा १३ अर्ब पारामिटरको मोडेल । यो तीनदेखि पाँच वर्षमा सम्भव छ । भारतको भाषिणी, यूएईको फाल्कन, सिङ्गापुरको सी-लायन, साना देशले बनाइरहेका छन् । हामी किन नबनाउने ? यो मोडेल नेपालभित्रै सरकारी, शैक्षिक, स्वास्थ्य, कानूनी, कृषि सबै क्षेत्रमा चल्न सक्छ, र यो पहिलो मौलिक नेपाली बौद्धिक सम्पत्ति बन्न सक्छ ।

चौथो, तालिम । मन्त्रिपरिषद्, मुख्य सचिव, सहसचिव, सुरक्षा अधिकारी, सल्लाहकार, सबैलाई एआईको प्रयोग र जोखिम दुवैबारे संरचित तालिम चाहिन्छ । तर यो साधारण तालिम होइन । यहाँ तीनवटा चरण पार गर्नुपर्छ । पहिले गलभिबचल, जे हामीले हलिउड फिल्मबाट, विज्ञापनबाट, र सतही समाचारबाट एआईबारे सिकेका छौं, त्यो सबै बिर्सनुपर्छ । एआई जादु होइन । एआई बुद्धिमान पनि होइन । एआई गणितीय सम्भाव्यताको यन्त्र हो । त्यसपछि learn, architecture, data flow, जोखिम र सही प्रयोगका सिद्धान्त बुझ्नुपर्छ । अन्त्यमा continual learning, किनभने एआई प्रविधि हरेक ६ महिनामा बदलिन्छ । आजको सही व्यवहार, भोलिको जोखिम हुन सक्छ । तालिमलाई एक पटकको कार्यक्रम नबनाऔं, निरन्तर क्षमता विकासको प्रक्रिया बनाऔं ।

पाँचौं, एआई प्रयोगको तहगत कानून । दफा ९.५४ लाई गहिऱ्याएर, कुन श्रेणीको डेटा कहिल्यै सार्वजनिक विदेशी एआईमा नजाने । संविधान मस्यौदा, कूटनीतिक वार्ता, सुरक्षा ब्रिफिङ, आयोगको प्रतिवेदन, र योजना आयोगको गोप्य विश्लेषण । यी अन्तिम श्रेणीमा पर्छन् र यसको उल्लंघन फौजदारी अपराध हुनुपर्छ । एक मिनेटको लापरवाहीलाई एक मिनेटकै कानूनी परिणाम ।

छैटौं, सही नेतृत्व । राष्ट्रिय एआई केन्द्रको प्रमुख प्राविधिक रूपमा योग्य हुनुपर्छ । यी प्रणाली आफैंले निर्माण, तालिम, कार्यान्वयन गरेको, एआईको गुदी स्तरमा बुझ्ने व्यक्ति । अवकाशप्राप्त सचिव होइन, राजनीतिक निष्ठावान् होइन । त्यस्तो व्यक्तिले मात्र हतारिएको मन्त्रीलाई 'हुँदैन' भन्न सक्छ, र 'त्यसको सट्टा यो गरौं' भनेर विकल्प दिन सक्छ ।

सातौं, र शायद दीर्घकालमा सबैभन्दा महत्त्वपूर्ण । यहाँ एक क्षण रोकिएर अहिलेको राजनीतिक क्षण बुझौं । यो सरकार पुरानो व्यवस्थासँगको गहिरो अविश्वासपछि आएको हो । जनताले बालेन शाह र उनको टोलीलाई छानेका हुन्, किनभने पुरानो तरिका विफल भएको थियो । यो गहिरो अविश्वासले एउटा अवसर पनि सिर्जना गरेको छ, जुन पाँच-दश वर्षमा एकपटक मात्र आउँछ ।

विदेशमा बसिरहेका, काम गरिरहेका, एआई र प्रविधिका क्षेत्रमा अनुभव बटुलेका नेपाली धेरै छन्– सिलिकन भ्यालीमा, लन्डनमा, सिङ्गापुरमा, सिड्नीमा, टोरन्टोमा । तिनीहरूसँग दशकौंको अनुभव छ, विश्वस्तरीय कम्पनीमा काम गरेको रेकर्ड छ, र धेरैको फदयमा घर फर्कने इच्छा पनि छ । तर नागरिकताको अड्चन, दोहोरो करको बोझ, सरकारी प्रक्रियाको जटिलता र सबैभन्दा ठूलो अड्चन 'तिमी बाहिर बसेका, तिमीले के बुझ्छौ हाम्रो देशको ?' यो प्रश्न पटक पटक सोधिएको छ । नयाँ सरकार सँग यो बाटो बदल्ने मौका छ । तर यसका लागि एक महत्त्वपूर्ण गुण चाहिन्छ, नम्रता । नयाँ नेताहरूले खुलेर भन्न सक्नुपर्छ, 'हामीसँग जनादेश छ, तर हामीसँग सबै जवाफ छैनन् । हामीलाई मद्दत चाहिन्छ । र त्यो मद्दत जहाँबाट आए पनि स्वीकार्छौं, चाहे काठमाडौंबाट आओस् वा क्यालिफोर्नियाबाट ।' यो नम्रताले नै पुरानो व्यवस्थालाई तोड्नेछ, किनभने पुरानो व्यवस्थाको मूल समस्या आफ्नो अज्ञानतालाई ज्ञान देखाउने बानी थियो ।

सरकारले एकपटक नेपाली, सधैं नेपाली अवधारणा लागू गरोस् । जन्मले नेपाली भएका व्यक्तिले नागरिकता गुमाउनु नपरोस्, उनीहरूले सरकारी परामर्शदाता, राष्ट्रिय एआई केन्द्रको नेतृत्व, वा सोभ्रेन मोडेल परियोजनामा पूर्ण अधिकार सहित सहभागी हुन पाउन् । डायस्पोरामा लाखौं नेपाली छन्, र त्यसमा प्राविधिक रूपमा अत्यन्त दक्ष जनशक्तिको ठूलो हिस्सा छ । तिनलाई घर आउन, योगदान दिन, र फेरि फर्कन पनि स्वतन्त्र दिऔं । ब्रेन ड्रेनलाई ब्रेन गेनमा फेरौं । यो सानो कुरा होइन । अहिलेसम्म नेपालले आफ्ना सबैभन्दा तीक्ष्ण दिमाग विदेश निर्यात गरेको छ । अब तिनै दिमागलाई फिर्ता बोलाउने क्षण आएको छ, र नयाँ सरकारको अविश्वास मथिएको राजनीतिक स्थितिले नै यो सम्भव बनाएको छ । पुरानो व्यवस्था यो गर्न सक्दैनथ्यो, किनभने त्यसले डायस्पोरालाई खतरा ठान्थ्यो । नयाँ व्यवस्थाले यसलाई अवसरका रूपमा लिन सक्छ । र कार्यान्वयनको गति । एआई नियमन परिषद् ३० दिनमा, राष्ट्रिय एआई केन्द्र ९० दिनमा, अन्तरिम निर्देशिका अर्को मन्त्रिपरिषद् बैठकमा । हरेक बितेको दिन भनेको अझ धेरै एक मिनेटे चुहावट हो ।

अन्त्यमा त्यो एक मिनेटलाई समयमा तन्काऔं ।

एक मिनेटपछि, फाइल भर्जिनियाको सर्भरमा पुगेको छ । एक हप्तापछि, त्यो डेटा ट्रेनिंगमा प्रवेश गरिसकेको हुनसक्छ । एक महिनापछि, अर्को मोडेलको मेमोरीमा मिसिइसकेको हुन सक्छ । एक वर्षपछि, त्यसको कुनै अंश संसारको कुनै कुनामा कसैको स्क्रिनमा देखिन सक्छ । एक दशकपछि, कसैलाई थाहा हुँदैन ।

एक मिनेट । वर्षौंको जोखिम ।

यो सरकारले राम्रो गर्न खोजिरहेको छ, यसमा मेरो विश्वास छ । मन्त्री अनुभवहीन छन्, तर इमानदार छन् । समस्या नियतमा छैन, पूर्वाधारमा छ । हामीले तिनलाई सही औजार दिएनौं, सही तालिम दिएनौं, सही सल्लाहकार दिएनौं । त्यसैले तिनले जे उपलब्ध थियो त्यही चलाए, च्याटजीपीटी । बालेन शाहको सरकार पुरानो शैली तोड्ने प्रतिज्ञामा आएको हो । यसलाई एउटा ऐतिहासिक मौका छ, नेपाललाई एआई युगमा पछिल्तिर होइन, अगाडि पुऱ्याउने । पहिलेको नीति खारेज गर्ने होइन, संवर्धन गर्ने । विदेशी एआईमा निर्भर होइन, आफ्नै मोडेल बनाउने । क्षमता नेपालमै छ । र विदेशमा छरिएका नेपालीसँग पनि छ । बोलाऔं । झ्याल खुलै छ, तर हरेक एक मिनेटमा, झ्याल अलिकति सानो हुँदैछ ।

(साभार: अनलाइनखबर)

# वास्तविक आनन्दको स्रोत हामी आफैं

✍डा. प्रेम रावत

यो संसारमा धेरै घटनाह घटित हुन्छन्- राम्रो पनि हुन्छ, खराब पनि हुन्छ । अनि, यो कुरा पनि हामीलाई राम्रोसँग थाहा छ- जे राम्रो हुन्छ, यदि त्यसबाट हामीलाई केही लाभ हुन्छ भने त्यसलाई हामी राम्रो ठान्छौं । यदि केही यस्तो होओस्, जसबाट हामीलाई हानि हुन्छ भने त्यसलाई हामी खराब ठान्छौं । वास्तविक राम्रो र नराम्रो कुरा के हो ? तपाईंलाई यो मानिसको शरीर प्राप्त भएको छ । तपाईं जीवित हुनुहुन्छ । यो राम्रो कुरा हो । कुनै परिस्थिति कस्तो हुन्छ भने- हुन सक्ला, त्यो तपाईंको इच्छा विपरीत हुन्छ । तथापि, त्यो परिस्थिति एउटै खालको र हिरहँदैन । एउटा समय थियो, त्यस्तो परिस्थिति थिएन । आज त्यो छ । भोलि हुन सक्ला त्यो, नहुन पनि सक्छ । फेरि नयाँ अवस्था सिर्जना हुन सक्छ । पुन: पुरानो अवस्था फर्कन पनि सक्छ । यो सारा कुरा त संसारमा भइरहन्छ नै । तर, हामीलाई यो जुन जीवन प्राप्त भएको छ, योभन्दा ठूलो कुरा अरू केही हुनै सक्दैन ।

कसैले हामीकहाँ आएर यस्तो कुरा गऱ्यो भने हामी भन्नेछौं, 'हो, तपाईं ठीक भन्दै हुनुहुन्छ ।' केही समयपछि त्यसको कुनै असर र हँदैन । भन्न त भनियो, 'हो सबैभन्दा ठूलो कुरा यही हो । मेरो जन्म भएको छ । म जीवित छु तर त्यस कुराबाट खासै प्रभाव रहँदैन ।' फेरि त्यही दुनियाँदारीको कुरा, त्यही चिन्ता, 'अब के होला ? यो गर्नु छ, त्यो गर्नु छ ।' यी सबै कुरामा मानिसको ध्यान गइरहन्छ । आज थाहा छैन, कति मानिसहरू यस्तो परिस्थितिलाई देखेर आत्तिएका हुँदा हुन् । तर, कसैले पनि यस्तो सोचिरहेका छैनन्- 'म जीवित छु ।' ठीक छ, यस्तो अवस्था छ । जे-जस्तो अवस्था होस् तर म जीवित छु । म जीवित भएका कारणले मैले केही गर्न सक्छु । एउटा त म आफ्नो सुरक्षा गर्न सक्छु किनभने म जीवित छु । अर्को कुरा, म आफ्नो जीवनमा आनन्द ल्याउन सक्छु । कोभिड-१९ जस्तो महामारीबाट म बच्न सक्छु अनि आफ्नो जीवनमा आनन्द प्राप्त गर्न पनि सक्छु । यो सम्भावना- 'म आफ्नो जीवनमा आनन्दलाई प्राप्त गर्न सकूँ' भन्ने कुरा त्यो महामारीभन्दा पहिला पनि थियो र त्यसपश्चात् पनि छ । जबसम्म तपाईं जीवित रहनुहुन्छ, तपाईंभित्र यो श्वास आइरहन्छ अनि गइरहेको हुन्छ तबसम्म यो सम्भावना रहिरहन्छ ।

यति राम्रो कुरा- 'तपाईंभित्र यो श्वास आइरहेको छ अनि गइरहेको छ ।' यो सन्देशलाई बुझ्न त बुझियो तर हाम्रो जीवनमा यसको कुनै प्रभाव त हुनुपर्छ नि ! तथापि, मानिसहरू आफ्नो समस्यामा नै तल्लीन भइरहन्छन् अनि यो श्वासको मूल्यलाई बुझ्नै सक्दैनन् । यदि तपाईंसँग समय छैन भन्ने लाग्छ भने तपाईंको जीवनमा यो समयको अर्थ के भयो ! जुन चीज अत्यावश्यक छ, जब तपाईंसँग त्यसैका लागि समय छैन भने तपाईंसँग समय होस् या नहोस्, त्यसको फाइदा नै के भयो र ! तपाईं जीवित हुनुहुन्छ, त्यसकारण तपाईंले आफ्नो जीवनमा निर्णय लिन सक्नुहुन्छ ।

क्रमश: पृष्ठ-३....

# इरान संकटबाट कसरी लाभ उठाउँदैछन् रुस र चीन ?



काठमाडौं/इरानमाथि भइरहेको अमेरिकी-इजरायली युद्धले रुस र चीनका लागि एउटा ठूलो अवसर सिर्जना गरिदिएको छ । मस्को र बेइजिङ दुवैले यस द्वन्द्वलाई पश्चिम एसिया र अन्य क्षेत्रमा अमेरिकी स्वार्थहरूलाई कमजोर पार्ने मौकाका रूपमा हेरिरहेका छन् ।

दुवै देश अमेरिकी शक्तिलाई क्षीण बनाउन, अमेरिकी सैन्य प्रणालीबारे गुप्तचर जानकारी हासिल गर्न र अमेरिकाको नेतृत्वमा रहेको विश्व व्यवस्थालाई कमजोर पार्न यो युद्धको प्रयोग गर्न उत्सुक देखिन्छन् । यसका लागि उनीहरूले कूटनीतिक, सैन्य, प्रत्यक्ष र अप्रत्यक्ष गरी विभिन्न किसिमका सम्भावित विकल्पहरू देखेका छन् । र, अहिलेसम्म यी दुवै देश आफ्नो उद्देश्यमा सफल भइरहेका छन् ।

युक्रेनमा रुसी सेनाले भोग्नुपरेको अप्ठ्यारो परिस्थितिले मस्को र बेइजिङले अमेरिकालाई कस्तो क्षति पुर्‍याउन चाहन्छन् भन्ने एउटा नमुना प्रस्तुत गर्दछ । फेब्रुअरी २०२२ मा रुसले गरेको पूर्ण-स्तरको आक्रमणदेखि अमेरिकी सरकारले एउटा सानो लोकतान्त्रिक देशलाई आफ्नो ठूलो निरंकुश छिमेकीविरुद्ध सहयोग गर्ने मात्र नभई अन्य रणनीतिक कारणले पनि कीभलाई समर्थन गर्दै आएको छ । युक्रेनको युद्धले अमेरिकी प्रतिद्वन्द्वीलाई अल्झाउन मद्दत गर्दछ, रुसी शक्तिलाई क्षीण बनाउँछ र क्रेमलिनलाई हरेक वर्ष अर्बौं डलरको भार थोपर्छ ।

रुसले आफूभन्दा नाम मात्रको कमजोर शक्तिलाई पराजित गर्न गरिरहेको संघर्षले उसको सैन्य क्षमताप्रतिको धारणालाई पनि कमजोर बनाउँछ । यसका साथै, एक प्रकारको गतिरोधको अवस्थालाई कायम राख्न मात्रै पनि मस्कोले थप सैनिक, गोलाबारुद र सैन्य सामग्रीहरू जुटाउन बाध्य हुनुपर्ने स्थिति सिर्जना भएको छ । यसैबीच, अमेरिकाले रुसी सेनाका रणनीति, प्रविधि र प्रक्रियाहरूलाई अझ गहिराइमा बुझ्न यस द्वन्द्वको अध्ययन गर्न सक्छ ।

बाइडेन प्रशासनले युक्रेनलाई दिएको समर्थनलाई 'नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था' को नेताका रूपमा वासिङ्टनको स्थितिलाई पुनः पुष्टि गर्ने माध्यमका रूपमा पनि हेरेको छ । रुसले युक्रेनमा आक्रामक युद्ध सुरु गरेको र भविष्यमा पनि मस्कोले थप क्षेत्रीय विस्तार गर्न सक्ने व्यापक डरका कारण, अमेरिकाले समान विचार राख्ने शक्तिहरूलाई एकजुट बनाउन र रुसलाई एक्ल्याउन सफल भएको छ । इरानको सन्दर्भमा रुस र चीनले अहिले अमेरिकाविरुद्ध परिस्थिति उल्ट्याउने सम्भावना देखिरहेका छन् । पश्चिम-एसियाका कहिल्यै अन्त्य नहुने युद्धहरूमा फसेको अमेरिकी सरकारले आफ्ना लागि निकै कम समस्या खडा गर्नेछ भन्ने विश्वास यी दुवै देशको छ ।

वास्तवमा, सेप्टेम्बर ११ को आक्रमणपछिका २० वर्षमा जब अमेरिका पश्चिम-एसियाका युद्धहरूमा अल्झिएको थियो, चीनको अन्तर्राष्ट्रिय स्थितिमा निकै उल्लेखनीय सुधार आएको थियो । भारतीय विदेश मन्त्री एस. जयशंकरले स्मरणीय रूपमा उल्लेख गरेझैँ 'दुई दशकसम्म पश्चिम एसियामा चीन नलडिकन जितिरहेको थियो भने अमेरिका नजितिकन लडिरहेको थियो ।'

मस्को र बेइजिङ अब यस क्षेत्रमा वासिङ्टनको अलमलबाट फाइदा उठाउन चाहन्छन् । अमेरिकालाई यस्तो एउटा सुस्त तर निरन्तर चलिरहने न्यून-तीव्रताको युद्धमा फसाउनु रुस र चीनको स्वार्थमा छ, जसले अमेरिकी स्रोतसाधनको खपत गरोस् र उसको अन्तर्राष्ट्रिय प्रतिष्ठालाई कमजोर बनाओस् । इरानलाई सहयोग गरेर यो उद्देश्य पूरा गर्नका लागि दुवै देशसँग आवश्यक औजारहरू छन् ।

वासिङ्टनले यस द्वन्द्वमा अधिकतम लक्ष्यहरू त्यागेर यस्तो परिणामलाई रोक्न सक्छ । यसको सट्टा, उसले एउटा व्यावहारिक मध्यमार्ग पछ्याउनुपर्छ, जसले इरानको विनाशकारी क्षमतालाई नियन्त्रण गरोस् र साथै कूटनीतिको बाटो खुला राख्दै अमेरिकी गठबन्धनहरूलाई पुनर्जीवित गरोस् । इरान युद्धले कुनै स्पष्ट विजेता ननिकाल्न सक्छ तर, अमेरिकाले यो सुनिश्चित गर्न सक्छ कि चीन वा रुसमध्ये कसैले पनि यसमा आफ्नो जित दाबी गर्न नपाओस् ।

**दलदलको नयाँ सूत्र**

यस कुराको बलियो प्रमाण हो- रुस र चीनले इरानलाई निशाना निर्धारण र क्षति मूल्याङ्कन दुवैमा मद्दत गर्नका लागि तस्बिर र 'सिग्नल्स इन्टेलिजेन्स' उपलब्ध गराएका छन् । यदि वास्तवमै त्यसो भएको हो भने, उनीहरूले निकै सीमित निगरानी क्षमता भएको एउटा देशलाई आफूभन्दा धेरै शक्तिशाली देशको सैन्य सम्पत्ति नष्ट गर्न मद्दत गरेका छन् ।

रुस र चीनले अमेरिकी सैन्य कारबाहीको पनि निगरानी गरिरहेका छन् र इरान युद्धमार्फत अमेरिकी सेनाको अध्ययन गरिरहेका छन् जसरी अमेरिकाले युक्रेन युद्धमार्फत रुसी सेनाको मूल्याङ्कन गरिरहेको छ । यद्यपि, इजरायलसँग मिलेर अमेरिकाले लक्ष्यहरू नष्ट गर्ने मामिलामा धेरै हदसम्म सफलता प्राप्त गरेको छ, तर रुस र चीनका लागि यो कुरा राहतको विषय हुनुपर्छ कि अमेरिका र इजरायलको बमबारीले अझै पनि इरानलाई झुकाउन सकेको छैन ।

विभिन्न इरानी नेताहरूको सफलतापूर्वक हत्या गरिए तापनि र इरानी सैन्य सुविधाहरूमा ठूलो क्षति पुर्‍याइए तापनि, विजय भन्न मिल्ने कुनै पनि परिणाम अहिलेसम्म हात लाग्न सकेको छैन । यस युद्धले रुसलाई विभिन्न तरिकाले फाइदा पुर्‍याएको छ । बढ्दो तेलको मूल्यलाई नियन्त्रण गर्ने प्रयासमा ट्रम्प प्रशासनले रुसी तेलमाथिको प्रतिबन्ध हटाएको छ, जसले मस्कोका लागि ठूलो आर्थिक लाभ सिर्जना गरिदिएको छ ।

यसका साथै, रुसको युद्धभूमिको अनुभवबाट सिकिएका पाठहरूका कारण इरानको 'शाहेद ड्रोन' अमेरिकी प्रविधियुक्त रक्षा प्रणालीविरुद्ध निकै मजबुत प्रमाणित भएको छ । मस्कोले इरानको यो मौलिक ड्रोन डिजाइनलाई अझ परिष्कृत गर्दै आफ्नो सैन्य अभियानमा यसको प्रभावकारिता बढाएको छ । अमेरिकी र युरोपेली अधिकारीहरूका अनुसार अहिले रुसले ती सुधारका विवरणहरू तेहरानसँग साझा गरिरहेको छ, जसले यी दुई देशबीचको सैन्य सहयोगलाई थप बलियो बनाएको छ । अमेरिकाको हवाई वर्चस्व निर्विवाद छ र उसका गुप्तचर एजेन्टहरू इरानी नेतृत्वभित्र छिर्न सफल भएका छन्, तर 'सर्वशक्तिमान' अमेरिकी सेनाको छविमा भने गम्भीर धक्का लागेको छ । इस्लामिक गणतन्त्र इरानले ठूलो प्रहार खेपेको छ, तर ऊ अझै पनि अडिग छ । यो युद्धले अमेरिकी गठबन्धनहरूमा पुर्‍याइरहेको क्षतिबाट मस्को विशेष गरी खुसी हुनुपर्छ । अमेरिका र युरोपका उसका निकटतम सहयोगीहरूबीच बढ्दै गएको दूरी रुसका लागि वर्षौंयताकै सबैभन्दा सुखद समाचार हो । इरान युद्धप्रति युरोपको गहिरो असहमति (जसलाई कतिपय युरोपेली राष्ट्रहरूले स्पष्ट रूपमा अवैध घोषणा गरेका थिए) र अप्रिल ७ मा ट्रम्पको 'आज राति एउटा पूरै सभ्यता मर्नेछ' भन्ने भयानक चेतावनीले झन् बढाएको त्रासले आन्‌ महासागर वारिपारिको गठबन्धनमा कहिल्यै निको नहुने दाग छोड्नेछ ।

यसले केही युरोपेली नेताहरूलाई अहिले र भविष्यमा अमेरिकाको नैतिक नेतृत्वलाई अस्वीकार गर्ने एउटा बहाना दिएको छ । आगामी वर्षहरूमा रुसको प्रतिरोध गर्न युरोप एकताबद्ध हुन सक्छ, तर विश्वको सबैभन्दा ठूलो आर्थिक र सैन्य शक्तिसँगको यसको सम्बन्ध पहिले जस्तो कहिल्यै प्रगाढ हुने छैन । रुसी दृष्टिकोणमा, लामो समयसम्म चल्ने इरान युद्धले अमेरिका-युरोप तनावलाई अझ गहिरो बनाउनेछ र यो प्रवृत्तिलाई थप मजबुत पार्नेछ ।

यो युद्धले चीनलाई रुसलाई जस्तो ठूलो आर्थिक लाभ त दिएको छैन यद्यपि युद्धका कारण उब्जिएको ऊर्जा संकटले धेरै देशहरूलाई चीनको 'कार्बन-मुक्त' ऊर्जा क्षेत्रप्रति बढी रुचि राख्न प्रेरित गरेको छ । आर्थिक रूपमा चीनले आफूलाई हुनसक्ने क्षतिबाट जोगाउनमा ध्यान केन्द्रित गरेको छ ।

पश्चिम एसियामा आफ्नो तेलको पहुँचलाई अमेरिकाले रोक्न सक्छ भन्ने कुरा धेरै वर्षअघि नै अनुमान गरेर चीनले त्यहाँको सम्भावित उथलपुथलबाट आफूलाई जोगाउन यस क्षेत्रमा लामो समयदेखि रणनीतिक लगानी गर्दै आएको छ । उसले तेलको ठूलो भण्डार खडा गरेको छ, जसले गर्दा तेलको मूल्य वृद्धिको असरलाई कम गर्न मद्दत पुगेको छ ।

चीनले आफ्नो अर्थतन्त्रको ठूलो हिस्सालाई विद्युतीकरण गरेको छ, जसमा उसका आधाभन्दा बढी नयाँ कारहरू विद्युतीय छन् । यसले आयातित तेलमाथिको उसको निर्भरता घटाएको छ । साथै, उसले कोइलाबाट पेट्रोकेमिकल्स उत्पादन गर्ने आफ्नो क्षमता पनि बढाएको छ, जसले उसलाई पश्चिम एसियाली हाइड्रोकार्बनबाट थप स्वतन्त्र बनाएको छ ।

इरान द्वन्द्वबाट चीनले पाउने फाइदा मुख्यतया राजनीतिक र कूटनीतिक प्रकृतिको छ । चीनले आफूलाई एक जिम्मेवार विश्वव्यापी शक्तिका रूपमा सावधानीपूर्वक प्रस्तुत गर्दै सबै पक्षलाई वार्ता र सहमतितर्फ धकेल्ने प्रयास गरिरहेको छ । उसका अभिव्यक्तिहरू सन्तुलित र कूटनीति आत्मविश्वासपूर्ण देखिएका छन् । अमेरिकाका अप्रत्याशित कदमहरूबाट युरोपेली र एसियाली मुलुकहरू हतोत्साहित भइरहेका बेला, चीनले परम्परागत कूटनीतिको शैली र भाषालाई अँगालेको छ, जसले धेरैका लागि राहतको काम गरेको छ ।

चीनले आफूलाई अमेरिकी सहयोगीहरूका माझ शान्त र समझदार साझेदारका रूपमा प्रस्तुत गर्ने कार्यलाई तीव्र बनाएको छ । यो प्रयास तीन वर्षअघि इरान र साउदी अरबबीचको सम्बन्ध सुधारमा उसले निर्वाह गरेको भूमिकाको सफलतामा आधारित छ । वर्तमान द्वन्द्वमा पनि चीनले आफ्नो निकट साझेदार पाकिस्तानलाई इरान र अमेरिकाबीच अस्थायी युद्धविरामका लागि मध्यस्थता गर्न प्रोत्साहित गरेको छ । अमेरिकाले एक अस्थिर र अप्रत्याशित अधिनायक जस्तो व्यवहार गरिरहेका बेला चीनले आफूलाई एक भरपर्दो विश्वव्यापी सरोकारवालाका रूपमा प्रमाणित गरिरहेको छ ।

चीनले इरानलाई आफ्नो 'सोलिड-फ्युल ब्यालिस्टिक मिसाइल' का लागि आवश्यक रासायनिक अवयवहरूसहित सैन्य सहायता उपलब्ध गराएको छ । अब उसले उन्नत राडार प्रणाली र सुपरसोनिक एन्टी-शिप क्रुज मिसाइलहरू प्रदान गरेर आफ्नो सहयोगलाई अझ बढाउन सक्छ । यति हुँदाहुँदै पनि, चीनले पश्चिम एसियाली शक्तिहरूका माझ आफूलाई यस क्षेत्रका द्वन्द्वहरूबाट टाढा रहेको र बढ्दो रूपमा अविश्वसनीय बन्दै गएको अमेरिकाको विकल्पका रूपमा प्रस्तुत गरिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रघुनाथकै नेतृत्वमा लामिटार वन समूह



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/ मनहरी गाउँपालिका-३ मा रहेको लामिटार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा पुनः रघुनाथ खतिवडा 'आरएन' चयन भएका छन् ।

शनिबार भएको वन समूहको ३० औं वार्षिक साधारणसभा तथा अधिवेशनले खतिवडाकै नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । वन समूहको उपाध्यक्षमा जयराम राई, सचिव विष्णुमाया बल, सहसचिव अनिल राई, कोषाध्यक्ष होतप्रसाद अधिकारी तथा सदस्यमा रामप्रसाद गौतम, रामजी सिन्तान, श्रीकृष्ण खड्का, अर्जुनबहादुर ओली, शिव राई, ओमप्रसाद चौलागाइँ, इन्दिरा राई र फूलमाया मोक्तान चयन भएको निर्वाचन संयोजक गणेशदर्पण अधिकारीले जानकारी दिए । ५ वर्षीय कार्यकालका लागि पुनः अध्यक्षमा चयन भएका खतिवडाले सबैलाई समेट्दै वन समूहको संस्थागत विकास एवम् उपभोक्ताको हितमा काम गर्ने प्रतिबद्धता जनाए ।

आफ्नो कार्यकालमा वन समूहको नयाँ भवन निर्माणसँगै वन्यजन्तुबाट बाली जोगाउन मेस जाली निर्माण, उपभोक्तालाई सहजरुपमा काठदाउराको व्यवस्थालगायत कार्य गरिएको उनले जानकारी दिए । खतिवडाको अध्यक्षतामा भएको साधारणसभामा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो । उनले लामिटार मध्यवर्ती सामुदायिक वन समूहले राम्रो काम गर्दै आएकोमा प्रशंसा गर्दै संस्थागत विकास एवम् उपभोक्ताको हितका लागि गाउँपालिका सहयोग र सहकार्यका लागि सदैव तयार रहेको बताए ।

'हामीले पनि यहाँको जनताकै हितका निम्ति योजनाबद्ध काम गरिरहेका छौं । वन समिति, टोल विकास संस्था, क्लवलगायतका संघसंस्थासँगको सहकार्य अत्यन्तै जरुरी छ', अध्यक्ष कालाखेतीले भने ।

कार्यक्रममा मनहरी गाउँपालिका-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती व्यवस्थापन समिति अध्यक्ष सीताराम अर्याल, पर्सा राष्ट्रिय निकुञ्जका संरक्षणअधिकृत मनोज मण्डल, मसिने शान्ति मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह अध्यक्ष रामहरि विष्ट, लामिटार वन समूहका सहसचिव विष्णुमाया बललगायतले मन्तव्य व्यक्त गरेको निर्वाचन समिति सदस्य मनोज चौलागाइँले जानकारी दिए । साधारणसभाले कोषाध्यक्ष होतप्रसाद अधिकारीको आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

# चैनपुर जेसीज मनहरीद्वारा भित्तेपात्रो विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/ चैनपुर जेसीज मनहरीले नयाँवर्ष २०८३ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमसँगै भित्तेपात्रो विमोचन गरेको छ ।

शनिबार बिहान आयोजित कार्यक्रममा जेसीजले प्रकाशन गरेको भित्तेपात्रो औपचारिकरुपमा विमोचन गरिएको हो । हरिप्रसाद अधिकारीको संयोजकत्व तथा जेसीजका अध्यक्ष सुरेश गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर प्रमुख अतिथिकारुपमा उपस्थित थिइन् । कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष मगरले मनहरी गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रको विकासमा जेसीजले खेलेको भूमिकाको प्रशंसा गरिन् । उनले स्थानीय तह र जेसीजबीच सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक सहयोगका लागि गाउँपालिका सधैं तयार रहेको बताइन् ।

उपाध्यक्ष मगरले युवालाई जेसीजमा आबद्ध हुन आह्वान गर्दै पछिल्लो समय युवामा बढ्दो लागूऔषध दुर्व्यसनप्रति चिन्ता व्यक्त गरिन् । यस समस्याको समाधानका लागि जेसीजले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् ।

कार्यक्रममा मनहरी गाउँपालिका-४ का अध्यक्ष प्रकाश थापा, चैनपुर जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, कार्यकारिणी उपाध्यक्ष राजु सुवेदी लगायतले नयाँवर्षको शुभकामना व्यक्त गर्दै सामाजिक तथा आवश्यकतामूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने धारणा राखे । कार्यक्रममा जेसीजका निवर्तमान अध्यक्ष श्रीकृष्ण ढकालसहित विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

# 'धुरन्धर' फ्रेन्चाइजको रेकर्ड: विश्वव्यापी कमाइ ३ हजार करोड पार

काठमाडौं/भारतीय फिल्मको इतिहासमा विश्वव्यापी ३ हजार करोडको आँकडा पार गर्ने पहिलो फ्रेन्चाइज फिल्मको कीर्तिमान 'धुरन्धर'ले बनाएको छ । यसका दुई श्रृंखला 'धुरन्धर' र 'धुरन्धर : द रिभेन्ज'ले गरी विश्वभर उक्त कमाइ गरेका हुन् । पाकिस्तान, दुबई, कुवेतसहित केही देशमा प्रतिबन्धका बाबजुद पनि दुई फिल्मको कमाइ ३ हजार करोडभन्दा माथि पुगेको हो ।

सन् २०२५ को डिसेम्बरमा रिलिज भएको 'धुरन्धर'ले भारतमा ८४० करोड नेट र विश्वव्यापी १३०७ करोड कमाएको थियो । यसको ओभरसिजतर्फको कमाइ २९९ करोड थियो । यो व्यापार सहित 'धुरन्धर' सर्वाधिक कमाउने हिन्दी फिल्म बनेको थियो । यसअघि 'पुष्पा २'को हिन्दी भर्सनले ८३० करोड कमाउँदै उक्त रेकर्ड आफ्नो नाममा बनाएको थियो । 'धुरन्धर'को दोस्रो श्रृंखलाले पनि विश्व बक्स अफिसमा सानदार कमाइ गरेको छ । अहिलेसम्म यो फिल्मले भारतमा ११२४ करोड नेट र विश्वव्यापी १७६८ करोड कमाइसकेको छ । यसमा ओभरसिजको योगदान ४२३ करोड छ । योसहित 'धुरन्धर : द रिभेन्ज' भारतमा सर्वाधिक कमाउने पहिलो बलिउड फिल्म र विश्वव्यापी सर्वाधिक कमाउने दोस्रो भारतीय फिल्म बनेको छ ।

# वास्तविक आनन्दको....

तपाईंले के निर्णय लिनुभयो ? के तपाईं त्यो चीजलाई बुझ्नुहुन्छ ! यो फदयलाई तपाईं आनन्दले, साँचो आनन्दले भर्नुहुन्छ या केवल धन कमाउन चाहनुहुन्छ ! तपाईंले धन कमाउनु हुँदैन भनेर म भनिरहेको छैन । तर, धनका बारेमा तपाईंले के कुरालाई बोध गर्नुपर्छ भने- चाहे तपाईं जतिसुकै धन कमाउनुहोस्, जतिसुकै भण्डारण गर्नुहोस् तर त्यसबाट एक पैसा, आधा पैसा पनि तपाईं आफूसँग लिएर जान सक्नुहुन्न । तपाईं एउटै चीजलाई मात्र आफ्नो साथमा लिएर जान सक्नुहुन्छ र त्यो हो 'आनन्द' । मानिस आफ्नो जीवनमा त्यो आनन्दले भरिपूर्ण भएपछि उसको जिन्दगी बदलिनेछ । उसका लागि सबै कुरा सफल हुन्छ ।

जब उसले आफ्नो जीवनलाई हेर्छ अनि यो संसारलाई हेर्छ, त्यसपछि उसलाई लाग्छ- म कति भाग्यशाली छु । तब उसले कसैको नराम्रो होस् भन्ने चाहँदैन । यदि वास्तवमा संसारमा यस्तो भएको भए- 'कसैले कसैको कुभलो नचाहोस्, सबै राम्रो होओस् । सबैको भलाइ होओस् ।' केवल यस्तो भन्ने होइन- 'मेरो साथीको राम्रो होओस् या यस्तो हुनै पर्छ, यसैमा मेरो फाइदा हुन्छ ।' होइन, त्यो फाइदा जसमा सबैका लागि हित होओस् । त्यसो हुँदो हो त आज जुन गरिबीको समस्या छ, त्यो पनि समाप्त हुनेथियो ।

कैयौं मानिसहरू दान गर्छन् । यदि दान नै गर्नु छ भने त्यस चीजको दान गर्नुहोस्, जसद्वारा साँच्चै फदय प्रसन्न होओस् । सानो बालक छ । एक वर्षको छ या दुई वर्षको छ, उसलाई तीन-चार हजार रुपैयाँ दियौं भने उसले त्यो रकमलाई के गर्छ ! केही गर्दैन । किनभने, उसलाई त्यो पैसा कुनै काम आउने वस्तु हो भन्ने नै लाग्दैन । उसलाई त माया चाहिएको हुन्छ । उसलाई आनन्द चाहिएको हुन्छ, जसबाट ऊ खुशी होओस् । यही कुरालाई हामी बिर्सन्छौं । हामी आफ्नो जीवनमा त्यो प्रेमको, त्यो वास्तविकताको, त्यो आनन्दको एउटा स्रोत बन्न सक्छौं । त्यो आनन्दको स्रोत बन्न सक्छौं भन्नुभन्दा पनि वास्तवमा हामी त त्यसैको स्रोत हौं । तर, हामी त्यो आनन्दको स्रोत हौं भनेर सोच्दैनौं ।

मानिसहरू छुवाछुतलाई मान्यता दिन्छन्, जातपातको भेदलाई हेर्छन् । म जातपातको अन्तरलाई तब मात्रै मान्छु, जब तल्लो जातिको मानिस गंगास्नानमा जाँदा 'उसले आउन मिल्दैन' भनेर गंगा नदीको गति नै रोकियोस् । जब गंगाले अस्वीकार गरिरहेकी छैनन् भने हामीहरू किन भेदभाव गरिरहेका छौं ? जब मानिस नै मानिससँग र हन सक्दैन भने ऊ प्रकृतिका साथमा कसरी रहन सक्ला ! यदि ऊ प्रकृतिका साथमा रहन सक्दैन भने एउटा कुरा मानिसलाई थाहा हुनुपर्छ, सदैव यो कुराको हेक्का हुनुपर्छ- 'प्रकृति मानिसभन्दा ठूलो छ ।' जस्तो कोरोना भाइरस जसलाई आँखाले देख्न सकिँदैन । त्यसका लागि त माइक्रोस्कोप (सूक्ष्मदर्शक यन्त्र) को आवश्यकता पर्छ । त्यो यति सूक्ष्म हुन्छ । त्यति धेरै सानो भाइरसले सारा संसारलाई नै आफ्नो नियन्त्रणमा राख्यो । किनभने, त्यो प्रकृति हो अनि त्यो मानिसभन्दा ठूलो छ ।

एउटा समयमा के आवश्यक थियो भने, मानिसले त्यो कुरा बुझ्न सकोस्, जुन बुझेर उसले आफ्नो जीवन सफल पार्न सकोस् । मानिसहरूको बुझाइ के थियो भने, यो मानिसको शरीर प्राप्त हुनुको तात्पर्य नै जीवन सफल पार्ने द्वार प्राप्त भएको हो । ठूला-ठूला विद्वान्हरूले त सुझाएका छन्- जे गर्नु छ, त्यसलाई हेरेर गर्नुहोस्, बुझेर गर्नुहोस् ।

यो धर्तीमा, यो जीवनमा हामीलाई यो समय प्राप्त भएको छ । के हामीले हाम्रो आफ्नो र अरूको जीवन पनि सुखमय बनोस् भनेर जीवन चलाएका छौं ! वास्तवमा हामीले एक-अर्कोलाई ठेस नपुर्‍याऔं । हामीले यस्तो गर्न थालेपछि त सबै समस्या सकिन्छ । मानिसहरू भन्ने गर्छन् नि- 'शान्ति चाहियो, शान्ति चाहियो !' कहिले भन्छन् भन्दा जब अशान्तिले उनीहरूलाई सताउन थाल्छ । त्यसभन्दा पहिला यदि कसैलाई 'के तपाईंलाई शान्ति चाहिएको छ' भन्यो भने उसले भन्नेछ- 'चाहिँदैन ।' तपाईं आफूले आफूलाई चाहे जतिसुकै बुद्धिमान् छु भनेर ठाने पनि या तपाईं जतिसुकै जानकार हुनुहोस्, यथार्थमा यो त तपाईंलाई सुनाइएको कुरा हो ।

सानो बच्चालाई नर्क के हो अर्थात् स्वर्ग के हो भनेर थाहै हुँदैन । सानो बच्चालाई शान्ति के हो, अशान्ति के हो भनेर पनि थाहा हुँदैन । उसलाई केही थाहा छैन । उसलाई 'एक' के हो भनेर थाहा हुँदैन । 'एक' के हो भनेर त तपाईंलाई पनि थाहा छैन । यदि थाहा नभएर तपाईंले कसैलाई सोध्ने कोशिश गरे पनि 'एक' के हो अर्थात् 'दुई' के हो भनेर बुझाउने व्यक्ति पाउनुहुन्न । त्यसका बारेमा तपाईंले सिक्नुपर्छ । जब-जब दिन बित्दै जान्छ, तब-तब बच्चाले सिकिरहेको हुन्छ ।

तपाईंलाई हितकारी कुरा के हो, अहितको कुरा कुन हो, कुन कुरा गरेमा तपाईंको भलो हुन्छ ? भन्ने कुराका बारेमा थाहा हुनु अत्यावश्यक छ । वास्तवमा यो जीवन त एउटा सैर्ष हो । हरेक दिन केही न केही गर्नुपर्छ । यो जीवन त लडाइँजस्तै भएको छ । लडाइँजस्तै- कुनै दिन हार हुन्छ भने कुनै दिन अलिकति जित हासिल हुन्छ ।

यो जीवनमा यदि यो लडाइँ चलिरहेको छ भने सबैभन्दा पहिला कुन चीजलाई जित्नु आवश्यक छ ! किनभने, तपाईं त आफ्ना समस्याहरूमाथि विजय हासिल गर्न चाहनुहुन्छ । एकातिर तपाईं हुनुहुन्छ अनि अर्कातिर तपाईंका समस्याहरू छन् । सबैभन्दा पहिला कसको जित हुनुपर्छ ! कसमाथि जित हासिल हुनुपर्छ ! किनभने, यदि तपाईंले आफूले आफूलाई नै जित्नुभएको छैन भने त तपाईंले कुनै पनि चीजमा जित हासिल गर्न सक्नुहुन्न । 'मैले जित हासिल गरें' भन्ने लागे पनि जित्न सक्नुहुन्न । त्यो तपाईंको जित होइन, किनभने तपाईं त स्वयं नै हार्नुभएको छ । यसर्थ यस जीवनमा सबैभन्दा पहिला जित हासिल गर्नुपर्छ भने आफूले आफूमाथि नै जित हासिल गर्नुपर्छ । यदि आफूमाथि जित हासिल भएन भने कुनै चीजमाथि तपाईंले जित हासिल गर्न सक्नुहुन्न । समस्याहरू आइरहन्छन् अनि तपाईं त्यससँग लडिरहनुहुन्छ र समस्यासँग लड्दा-लड्दै एकदिन तपाईं यो संसार बाटै बिदा हुनुहुन्छ ।

यो शरीर पनि तपाईंको आफ्नो रहनेछैन । यसको अर्थ तपाईंसँग 'यो मेरो हो' भन्ने कुनै चीज नै हुँदैन । यदि आफूमाथि जित हासिल गर्नुभएन भने यो शरीरबाट तपाईंले गर्न चाहनुभएको कुरा पूरा हुन सक्दैन । जीवनको महाभारतबाट कसले मुक्ति दिलाउँछ ? किनभने, महाभारत त भइरहेको छ अनि हरेक दिन भइरहेको हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

बागमती प्रदेश सरकारले ल्यायो नयाँ निर्देशिका

# पूर्वाधार आयोजना पाँच वर्षभित्र सक्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/ बागमती प्रदेश सरकारले वर्षौंसम्म आयोजना अधुरै रहने, लागत बढ्नेलगायतका समस्याबाट मुक्ति खोज्दै नयाँ बजेट तर्जुमाका लागि निर्देशिका जारी गरेको छ ।

आगामी आर्थिक वर्षको लागि बजेट निर्माणको तयारीमा जुटेको आर्थिक मामिला तथा योजना मन्त्रालयले नयाँ बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी निर्देशिका, २०८३ जारी गरेको हो । निर्देशिकाले सरकारले अब नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतअनुसार कति समयभित्र सक्नुपर्छ भन्ने स्पष्ट सीमा तोकेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १२० ले दिएको अधिकार प्रयोग गरी आर्थिक मामिलामन्त्री प्रभात तामाङले निर्देशिका बनाएका हुन् ।

बजेट तथा कार्यक्रम तर्जुमा कार्यलाई समयाबद्ध र व्यवस्थित बनाउन आवश्यक देखिएकोले निर्देशिका बनाइएको मन्त्री तामाङले बताए । अब बजेट प्रस्ताव गर्दा निर्देशिकाले तोकेको मापदण्ड पालना गरेको हुनुपर्नेछ । प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गरिने नयाँ पूर्वाधार आयोजनाका लागि



लागतका आधारमा आयोजनाको सम्पन्न अवधि तोक्दै अधिकतम पाँच वर्षभित्र काम सक्नुपर्ने व्यवस्था लागू गरेको हो । निर्देशिकाको दफा ४ को बजेट प्रस्ताव गर्दा पालना गर्नुपर्ने मापदण्डअनुसार १० करोड रुपैयाँसम्मका आयोजना दुई आर्थिक वर्षभित्र सक्नुपर्ने नियम बनाइएको छ ।

अर्थमन्त्री तामाङका अनुसार १० करोडदेखि २० करोड रुपैयाँसम्मका आयोजना बढीमा तीन वर्षभित्र सम्पन्न गर्नुपर्ने, २० करोडदेखि ५० करोड रुपैयाँसम्मका आयोजना चार वर्षभित्र सक्नुपर्नेछ भने ५० करोडभन्दा माथिका जुनसुकै लागतका आयोजना पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्ने प्रावधान राखिएको छ । यो नियमले लामो समयसम्म अधुरा रहने आयोजना नियन्त्रण गर्न, लागतवृद्धि घटाउन तथा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न मद्दत पुग्ने मन्त्री तामाङले अपेक्षा गरेका छन् । स्पष्ट समयसीमाले सम्बन्धित मन्त्रालय र निकायलाई थप जिम्मेवार बनाउने विश्वास पनि उनले गरे ।

विगतमा समयमै सम्पन्न नहुँदा धेरै आयोजना अलपत्र पर्ने र लागत अत्यधिक बढ्ने समस्या देखिएको थियो । बागमती प्रदेश सरकारले विगतमा कार्यान्वयनमा ल्याएको थुप्रै पूर्वाधारका आयोजना अझै अलपत्र अवस्थामा छन् । शीतभण्डार, धुलो दूध कारखाना, खेलकुदका पूर्वाधार, सडक र पुलका आयोजना अलपत्र तथा निर्माण सकिएपनि संचालन मोडालिटी नबन्दा प्रयोगविहीन बनेका छन् । बजेट प्रस्ताव गर्दा पालना गर्नुपर्ने मापदण्डअनुसार साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्चको सिर्जना गर्ने स्पष्ट आधारसहित प्रस्तावित र कमको पुष्ट्याइँ गर्ने आवश्यक तथ्यगत विवरण खुलाउनु पर्ने नियम बनाइएको छ ।

'विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका र न्यूनतम भौतिक पूर्वाधार विकास गर्न आवश्यक भएका स्थानलाई प्राथमिकता दिनुपर्ने, बाँकी स्थानमा सम्भव भएसम्म स्थानीय तहगत, निर्वाचन क्षेत्रगत र जिल्लागत सन्तुलन कायम हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ', निर्देशिकामा भनिएको छ । चालु आर्थिक वर्ष वा सोभन्दा अगाडिबाटै कार्यान्वयनमा रहेका क्रमागत एवं वहुवर्षीय आयोजनामा बजेट प्रस्ताव गर्दा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको ६ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत समावेश गर्नुपर्ने भएको छ ।

स्थानीय तह वा निजी क्षेत्रसँगको सहलगानी वा साझेदारी गर्ने गरी बजेट प्रस्ताव गर्दा प्रस्तावित आयोजनाको लागत अनुमान, जग्गा प्राप्तिको विषय, स्थानीय तह वा निजीक्षेत्रको लागत सहभागिताको अंश, रकम हस्तान्तरण गर्ने विधि, प्रतिफल बाँडफाँट, लेखांकन र लेखापरीक्षण संयन्त्र प्रस्ताव गर्नुपर्ने नियम बनाइएको छ ।

# बागमतीमा चैतमा ५ सय ५१ अपराधका घटना




साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले चैत महिनाको प्रगतिविवरण सार्वजनिक गरेको छ । कार्यालयले सावर्जनिक गरेको विवरणअनुसार चैत महिनामा ५ सय ५१ वटा अपराध भएको छ ।

चैत महिनामा दर्ता भएका मुद्दामध्ये सबभन्दा बढी जघन्य तथा गम्भिर अपराधका २ सय ९४ वटा रहेका छन् । यसैगरी आर्थिक अपराधका एकसय १० वटा, महिला, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराध २९ वटा र अन्य अपराधका एक सय १८ वटा मुद्दादर्ता भएका छन् । यी मुद्दाका ४ सय ५५ जना प्रतिवादीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले यसअवधिमा फैसला कार्यान्वयन भई विभिन्न मुद्दाका ३ सय ७८ जना प्रतिवादीलाई पक्राउ गरी कुल २ करोड २८ लाख ५६ हजार ३ सय १९ रुपैयाँ जरिवाना रकम असुल गरेको छ ।

कार्यालयको तथ्यांक अनुसार चैत महिनामा ७४ जना महिला, ३४ जना पुरुष, ४५ जना बालिका, २५ जना बालक र ८ जना ज्येष्ठनागरिक (पुरुष) गरी प्रदेशका कुल १ सय ८६ जना हराएका छन् । हराएकामध्ये ४४ जना महिला, ३७ जना बालिका, २० जना बालक, १७ जना पुरुष र ७ जना ज्येष्ठनागरिकलाई खोज्न प्रहरी सफल भएको छ भने बाँकीको खोजतलास जारी छ । एक महिनाको अवधिमा कार्यालयमा एक हजार ८ सय १३ वटा निवेदन प्राप्त भएको छ, । जसमध्ये सीधै प्रहरी कार्यालयमा एक हजार ४ सय ८६ वटा र प्रशासन कार्यालयबाट ३ सय २७ वटा निवेदन प्राप्त भएको हो ।

चैतमा सबभन्दा बढी घरेलुहिंसाको ७ सय ५९ वटा निवेदन प्राप्त भएकोमा ५ सय ५७ वटा मिलापत्र भइसकेको, एक सय ३६ वटा अदालतमा रहेको छ भने ७ वटा निवेदनका पीडित सम्पर्कमा आउन सकेका छैनन् । लागूऔषध नियन्त्रणतर्फ प्रहरीले चैतमा ठूलो सफलता प्राप्त गरेको जनाएको छ । प्रहरीले ४ सय ३१ किलो गाँजा, ३ किलो ६७८ ग्राम अफिम, ९९ ग्राम ५२० मिलिग्राम चरेश र १२१ ग्राम ७ मिलिग्राम खैरोहेरोइन बरामद गरेको छ ।

४ हजार २ सय ३९ वटा ट्रामाडोल क्याप्सुल, एक हजार ५ सय ५० वटा अनार्गन ट्याब्लेट, एक हजार ३ सय वटा भोमिन-२५ ट्याब्लेटसहित विभिन्न लागूऔषध बरामद गरेको छ । लागूऔषध कारोबारमा संलग्न एक सय ६२ जनालाई पक्राउ गरी ८० वटा मुद्दादर्ता गरिएको छ ।

घरेलुमदिरा नष्ट गर्ने अभियानअन्तर्गत प्रहरीले ९ हजार ३ सय ७२ लिटर मदिरा, २ हजार ८ सय २ लिटर कच्चापदार्थ र १ हजार ६ सय ५३ किलो मर्चा नष्ट गरेको छ । यसैगरी विभिन्न स्थानमा सञ्चालित २६ वटा मदिरा भट्टी नष्ट गरिएको छ । चैतमा प्रदेशभरमा कुल ६९ जनाले आत्महत्या गरेका छन् । यसअघि फागुनमा ६७ जना र माघ महिनामा ६४ जनाले आत्महत्या गरेका थिए । पछिल्लो दुई महिनाको तुलनामा चैतमा सवारी दुर्घटनामा कमी आएको छ । माघमा एक सय ५७ वटा र फागुन महिनामा एक सय ६३ वटा सवारी दुर्घटना भएकोमा चैतमा एक सय ४२ वटा सवारी दुर्घटना भएको छ ।

सवारी दुर्घटनामा परी ३० जनाले ज्यान गुमाएका छन् भने दुई सय ९५ जना घाइते भएका छन् । ट्राफिक नियम उल्लङ्घन गर्ने १० हजार ३ सय १२ वटा सवारीलाई करवाही गर्दा ९४ लाख ७३ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ । भन्सार छली गरी ल्याइएका १ करोड ७० लाख १ हजार ५ सय ८३ रुपैयाँ बराबरका सामान बरामद गरिएको छ भने यो कार्यमा संलग्न ७ जनालाई पक्राउ गरिएको छ । प्राकृतिक सम्पदा दोहनमा संलग्न ७४ सवारी साधनलाई कारबाही गरी १० लाख ५७ हजार रुपैयाँ राजश्व संकलन गरेएको छ ।

अवैध हातहतियारतर्फ १२ नाल भरुवा बन्दुक बरामद गरिनुका साथै ३ जनालाई पक्राउ गरिएको छ । प्रहरीले समुदायमा सचेतना फैलाउन लागूऔषध, ट्राफिक नियम र साइबर अपराधलगायतका विषयमा ८ सय २३ वटा जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरेको प्रगति विवरणमा उल्लेख छ ।

# पत्रकार महासंघ मकवानपुरको साधारणसभा जेठ ९ गते हुने



साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/ नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको १९ औँ साधारणसभा आगामी जेठ ९ गते शनिबार आयोजना हुने भएको छ ।

शनिबार बसेको कार्यसमिति बैठकले साधारणसभा गर्ने निर्णय गरेको सचिव केशवसर्मपण सुवेदीले जानकारी दिएका छन् । साधारण सभामार्फत ज्येष्ठपत्रकार पेन्सनकोष कार्यविधि संशोधन तथा महिला प्रजनन् स्वास्थ्य तथा सुरक्षित प्रसूति प्रवर्द्धन कोष कार्यविधि २०८२ अनुमोदनका लागि पेश गरिने जनाइएको छ । साधारणसभामा महासंघका संस्थापक अध्यक्ष न्हुच्छेमान श्रेष्ठको स्मृतिमा मकवानपुर शाखाले स्थापना गरिएको 'न्हुच्छेमान श्रेष्ठ स्मृति क्रियाशील पत्रकारिता पुरस्कार' र व्यवसायी महेन्द्र राउतद्वारा स्थापना गरिएको 'पार्वतीमान-बोमबहादुर राउत अग्रज पत्रकारिता पुरस्कार' प्रदान गरिनेछ ।

पुरस्कार छनोटका लागि उपाध्यक्ष ध्रुव अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । समितिका सदस्यमा केशव सुवेदी, स्मिता अर्जेल, सुमन दाहाल र श्रीराम दाहाल रहेका छन् । दुवै पुरस्कारको राशि ५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ ।

यसअघि न्हुच्छेमान श्रेष्ठ स्मृति पत्रकारिता पुरस्कार दीपक अधिकारी, नानीमैया विष्ट, होम कार्की, रोशन पराजुली, खेम बोलखे, अञ्जली थापा र सरिता दाहालले प्राप्त गरिसकेका छन् ।

त्यस्तै, २०६९ सालमा स्थापना गरिएको पार्वतीमान-बोमबहादुर राउत अग्रज पत्रकारिता पुरस्कार कौशल पाण्डे, कृष्णराम परियार, राममणि दाहाल र नवराज शर्माले प्राप्त गरिसकेका छन् ।

# किवानिज मकवानपुरको पद हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १२ बैशाख/१८ वर्षमुनीका बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको सन २०२५/२६ का लागि पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

किवानिज क्लब मकवानपुरका पूर्वअध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा सन २०२५/२६ का लागि नवनिर्वाचित अध्यक्ष गोबिन्द प्रसाद प्याकुरेललाई पद हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष पवन खड्का सवारी दुर्घटनामा घाइते भइ हाल काठमाडौंमा उपचारत रहेका छन् । प्याकुरेलको नेतृत्वमा प्रेसिडेन्ट ईलेक्टमा भानुभक्त आचार्य, उपाध्यक्ष पूर्णप्रसाद अर्याल, सचिव ईश्वर रिजाल चयन भएका छन् । किवानिज क्लब ईन्टरनेश्नलका ट्रस्टी मोहन लम्सालको प्रमुख आतिथ्य तथा नेपालका गभर्नर ईलेक्ट रामहरि सुबेदीको बिशिष्ट आतिथ्यमा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो ।

हरेक महिनाको अक्टोवर बाट नेतृत्व परिवर्तन गर्ने यो क्लबको विधान भएपनि प्राबिधिक कारणले केही समय ढिलाई भएको बताइएको छ । कार्यक्रममा किवानिज क्लब नेपालका भाइस गभर्नर भरतप्रसाद ढुंगेल, लेफ्टिनेन्ट गर्भनर ईलेक्ट ज्योतिरत्न बज्राचार्य, किवानिज क्लब मकवानपुरका चाटर्ड प्रसिडेन्ट तीर्थराज पराजुली, सी आशा फाउडेसनका अध्यक्ष बालकृष्ण चौलागाईलगायतले शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रममा किवानिज क्लब हेटौंडाका पूर्वअध्यक्ष गंगाप्रसाद पौडेल, सुवर्णकेशर लामिछाने, अधिवक्ता ललिता श्रेष्ठ, सी आशा पाठशालाकी प्रवन्धक प्रतिमा बस्नेतलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा सी आशा पाठशालाका बालबालिकाको लागि ३ लाख ५० हजार रुपैयाँको फुड सप्लीमेन्ट्री हस्तान्तरण गरिएको थियो । काठमाडौं महानगरपालिका र किवानिज क्लब निलगिरिको सहयोगमा क्लबका भाइस गभर्नर भरतप्रसाद ढुँगेलको संयोजनमा सि आशा पाठशालाका बालबालिकालाई फुड सब्लीमेन्ट्री प्रदान गरिएको हो । बिगत वर्षमा पनि यस्तै सहयोग किवानिज क्लब मकवानपुरले संयोजन गर्दै आएको थियो ।


कला जोगाऔं, संस्कृति बचाऔं ।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)




साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना